आज मिति २०७९ साल भाद्र १८ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व २०७९/८० को तेस्रो बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | राधा |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | सधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुक माया |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | शिक्षा शाखा उपसचिव | |
| २ | जटिराम पौडेल | योजना शाखा प्रमुख | |
| ३ | सुजन मिश्र | सूचना प्रविधि अधिकृत | |

**नगर-कार्यपालिकाको मिति २०७९/०५/१८ गते बसेको आ.व २०७९/८० को तेस्रो बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०४/२४ गते बसेको दोस्रो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १६ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं. २**

नेपाल सरकारबाट स्वीकृत शिक्षक दरबन्दी पुनर्वितरण प्रतिवेदन, २०७६ बमोजिम यस नगरपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका केही काम बाँकी रहेकाले शिक्षकहरुलाई तलब भत्ता वितरणमा समेत बजेट कमी भई समस्या पर्ने गरेको साथै लामो समयदेखि आन्तरिक दरबन्दी मिलान कार्य नहुँदा विद्यार्थी संख्यामा भएको थपघटले नगरपालिकाका लागि स्वीकृत दरबन्दी वितरणमा असमानता देखिएकाले तोकिएको भन्दा बढी दरबन्दी संघ सरकारका निकायहरुमा नै फिर्ता गर्ने र नगरपालिकाका लागि स्वीकृत दरबन्दीको आन्तरिक मिलान तथा व्यवस्थापन गर्ने गरी कार्यालयका तर्फबाट पेश भएको विद्यालय शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन मापदण्ड, २०७९ पारित गर्ने ।

**निर्णय नं. ३**

सुन्दरबजार नगरपालिकाको **प्रसुती गराउन स्वास्थ्य संस्थामा जाँदा एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९** उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ४**

**सुन्दरबजार नगरपालिकाको नयाँ जन्मेका छोरीको नाममा बैंक खाता खोल्ने सम्बन्धी कार्यविधि, २०७९** उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ५**

साबिक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिको कार्यालयमा दर्ता भएका संघ/संस्था/समितिहरुले यस नगरपालिकामा सूचिकृतका लागि निवेदन पेश गरेमा सूचिकृत साथै नविकरण गर्ने ।

निर्णय प्रमाणित

## निर्णय नं. ६

सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि, २०७८ अनुसार यस नगरपालिका गठन हुनु पूर्व बनेका घर/भवनहरु अभिलेखीकरण गर्ने क्रममा केही भवनहरु लालपूर्जा अनुसार भोगचलन गर्दा ठिक रहेको तर नापी नक्सा अनुसार घर/भवनहरुको केही भाग सँधियारको कित्तामा परेको अवस्थामा यस्ता प्रकृतिका घर/भवनहरु सम्बन्धित वडा अध्यक्षको रोहवरमा चारकिल्लाका सँधियारहरुको मन्जुरीमा सही छाप गराई घर/भवनहरु अभिलेखीकरणको लागि पेश गरेमा त्यस्ता घर/भवनहरु अभिलेखीकरण गर्ने ।

## निर्णय नं. ७

सुन्दरबजार नगरपालिका वडा नं ६ मा सञ्चालित नमुना सामुदायिक अस्पतालको भूँइतला र माथिल्लो तलामा जाने छुट्टै बाटो र गेट रहेको । कोभिड-१९ पहिलो र दोस्रो लहरमा आइसोलेसन र कोभिड अस्पताल समेत संचालन गरिएको । उक्त अस्पतालको नाममा ३-४-०-० क्षेत्रफल जग्गा धनी दर्ता प्रमाण पूर्जा रहेको । १ रोपनी जग्गा रजिष्ट्रेशन पास गरी ल्याउन बाँकी रहेको । उक्त अस्पतालको जग्गा सँग जोडिएको कि.नं ३७२ को १०-९-२-२ क्षेत्रफल भएको गौचरन जग्गा रहेको । विगतमा पनि उक्त गौचरन जग्गा अस्पतालको नाममा ल्याउनको लागि सर्जिमिन मुचुल्का समेत भएको हुँदा उक्त गौचरन जग्गा अस्पतालको नाममा ल्याउनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

## निर्णय नं. ८

नेपाल सरकारबाट गठित शिक्षक दरबन्दी पुनर्वितरण कार्यदलको प्रतिवेदन, २०७६ अनुसार सुन्दरबजार नगरपालिका अन्तर्गतका विद्यालयहरुका लागि १०३ जना प्राथमिक शिक्षक, ६२ जना निम्न माध्यमिक शिक्षक, ७५ जना माध्यमिक शिक्षक र १५ जना साविक उच्च माध्यमिक शिक्षक प्रस्ताव गरी सिफारिश भएको साथै उक्त प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत भएको,

उक्त प्रतिवेदन अनुसार निम्न माध्यमिक, माध्यमिक तथा साविक उच्च माध्यमिक शिक्षक गरी २९ जना शिक्षक नपुग भए पनि ९० जना प्राथमिक शिक्षक बढी भएकोमा तत्कालका लागि बढी भएका मध्येका २९ जना शिक्षकलाई माथिल्ला तहमा काम गर्ने गरी पदस्थापन गर्ने र खुद बढी भएका ६१ जना शिक्षकहरुलाई खुद पुलमा कायम गरी यस नगरपालिकाबाट अन्यत्र पठाउनुपर्ने व्यवस्था भएको,

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीले शिक्षक दरबन्दी मिलानका लागि पटकपटक ताकेता गरेकोमा पछिल्लो पटक आर्थिक वर्ष २०७९/८० को प्रथम चौमासिक (कार्तिक मसान्त) भित्रमा दरबन्दी मिलान गरिसक्नुपर्ने ताकेता भएको,

शिक्षा क्षेत्रको सशर्त अनुदान गत आर्थिक वर्ष भन्दा घटेर आएकाले तोकिएको अवधिभित्र शिक्षक दरबन्दी मिलान नगरेमा शिक्षकको तलब भत्ता भुक्तानी गर्न समस्या देखिएको,

नेपाल सरकारका तर्फबाट तयार भएको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले तयार गरेको मापदण्ड बमोजिम यस नगरपालिकामा रिक्त हुन आएका २८ प्राथमिक शिक्षक दरबन्दी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरमा पठाइसकिएको,

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीको सूचना अनुसार ३ जना स्थायी प्राथमिक शिक्षक, २ जना अस्थायी करार शिक्षक नवलपरासी सुस्तापूर्वमा सरुवा भई गएको साथै १ जना राहत अनुदानमा कार्यरत शिक्षकको रमाना हुन बाँकी रहेको,

१ जना अस्थायी करारमा कार्यरत प्राथमिक शिक्षक र १ जना राहत अनुदानमा कार्यरत प्राथमिक शिक्षकले राजिनामा दिएको,

सुन्दरबजार नगर कार्यपालिकाको मिति २०७८/०८/०१ को १०७ औं बैठकको निर्णय अनुसार यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत १० जना अस्थायी करार तथा १४ जना राहत अनुदानमा कार्यरत गरी जम्मा २४ जना शिक्षकहरुको व्यवस्थापन गर्न मिति २०७८/०९/२६ मा शिक्षा विकास तथा समन्वय इकाई, लमजुङ्गमा पठाइएको तर सो पत्र अनुसार शिक्षक व्यवस्थापन नभएको,

यसै सन्दर्भमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यलाई सहज र सरल बनाउनका लागि यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा अस्थायी करार तथा राहत अनुदानमा कार्यरत तपसील बमोजिमका २० जना प्राथमिक शिक्षकहरुलाई दरबन्दी पुनर्वितरण प्रतिवेदन, २०७६ अनुसार शिक्षक दरबन्दी थप हुने नवलपरासी सुस्तापूर्व जिल्लामा सरुवा गरिदिनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीमा अनुरोध गरी पठाउने ।

**तपसील**

| सि.नं. | शिक्षकको नाम थर | विद्यालयको नाम | कार्यरत | कैफियत |
|---|---|---|---|---|
| १. | शोभा धिताल | मर्स्याङदी आवि, सुनपा ७ | अस्थायी/करार | |
| २. | ईश्वरी सिलवाल | पाणिनि संस्कृत मावि, सुनपा ३ | अस्थायी/करार | |
| ३. | सरस्वती पन्थ | शिक्षा सदन प्रावि, सुनपा ३ | अस्थायी/करार | |
| ४. | अनिता अधिकारी | महेन्द्र मन्दिर मावि, सुनपा २ | अस्थायी/करार | |
| ५. | नारन गुरुङ | दुर्गादेवी प्रावि, सुनपा ५ | अस्थायी/करार | |
| ६. | शान्ता दुरा | शोभामन्दिर प्रावि, सुनपा ११ | अस्थायी/करार | |
| ७. | केशरी कुमाल | महादेवी प्रावि, सुनपा २ | अस्थायी/करार | |
| ८. | रामचन्द्र मग्राती | सिद्धिसदन आवि, सुनपा १० | राहत | |
| ९. | कला भुजेल | गाउँफर्क प्रावि, सुनपा ४ | राहत | |
| १०. | पवित्रा पाण्डे | श्रीसदन प्रावि, सुनपा ४ | राहत | |
| ११. | रमा अधिकारी | संस्कृतिसदन मावि, सुनपा ४ | राहत | |
| १२. | चित्रबहादुर केसी | आदर्शबाल मावि, सुनपा ६ | राहत | |
| १३. | सन्तोष पौडेल | आदर्शबाल मावि, सुनपा ६ | राहत | |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १४. | धनबहादुर मालुवा | भक्तिनमूना मावि, सुनपा ९ | राहत | |
| १५. | सुनिल आले मगर | भक्तिनमूना मावि, सुनपा ९ | राहत | |
| १६. | जुठीमाया गुरुङ | भविष्य निर्माण मावि, सुनपा ९ | राहत | |
| १७. | तिलक कुमारी खत्री | मर्स्याङदी आवि, सुनपा ७ | राहत | |
| १८. | राममाया भण्डारी | शान्तिनिकेतन प्रावि, सुनपा ६ | राहत | |
| १९. | प्रकाश घिमिरे | अकलाबगैंचा आवि, सुनपा ८ | राहत | |
| २०. | संगीता पोखरेल | अकला बगैंचा आवि, सुनपा ८ | राहत | |

**निर्णय नं. ९**

सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन, २०७५ (प्रथम संशोधन २०७८ सहित)को दफा ११. को उपदफा (१) को खण्ड (घ) बमोजिम सुन्दरबजार नगरपालिकामा गठन हुने नगर शिक्षा समितिको सदस्य पदमा श्री नविन कुमार श्रेष्ठ र श्री अनिता दुलाललाई मनोनयन गर्ने ।

**निर्णय नं. १०**

हाल सु.न.पा वडा नं ४ (साबिक दुराडाँडा गाविस वडा नं ७, ८ र ९) को खानेपानी योजनाको मोटर मर्मतका लागी रु ४५,०००।(अक्षरेपी पैतालिस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट कुवापानी खा.पा. उपभोक्ता समिती, सु.न.पा ४, दुराडाँडालाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत